# बिओटी कार्यसमितिको बैठकमा भएका छलफल र निर्णय प्रतिवेदन

## मिति : सोमवार फरबरी १८, २०१९

फेसबुक मेसेन्जर टेलिकन्फरेन्स बैठक (बेलुका ८ः३० बजे पूर्वी समय)

उपस्थिति : गीता खत्री, पदम विश्वकर्मा, पुरू सुवेदी, शिव लामिछाने, राम लामा, प्रा. डा. गोपी उप्रेती, तीर्थ अधिकारी

प्रमुख सल्लाहकार : डा. श्याम कार्की (अनुपस्थितिको जानकारी प्राप्त ।)

आमन्त्रित अतिथि : राधेश्याम लेकाली

### छलफलका लागि राखिएका विषयहरू

क. फरबरी ११ मा प्रस्ताव गरिएको पुरस्कार समितिको निार्णयलाई अनुमोदन गरी कार्यसमितिको निर्णय पारित गर्ने ।

ख. बिओटी कार्यसमितिको कार्यलाई सहज र व्यवस्थित बनाउन सल्लाहकार समिति गठनको कार्यलाई पूर्णता दिने ।

ग. अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि पुस्तक दर्ता गर्ने पूर्वनिर्धारित समयसीमालाई आगामी मार्च १५ सम्म बढाउने ।

घ. अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारको रकमलाई हाल भइरहेको १५०० डलरबाट २००० अमेरिकी डलर बनाउने ।

ङ. अनेसासको केन्द्रीय सचिवालयका लागि भवन/जमीन खरिदका निमित्त समिति गठन गर्ने ।

### छलफल र निर्णयहरूः

१. अध्यक्ष गीता खत्रीले साँझ ८:३० मा बैठक शुरु गर्नुभयो ।

२. सचिव शिव लामिछानेले कार्यसमितिका पदाधिकारीहरूको उपस्थितिबारे अध्यक्षलाई जानकारी गराउँदै कार्यसमितिका पदाधिकारीहरूको शतप्रतिशत उपस्थिति रहेकाले बैठक अघि बढाउन अनुरोध गर्नुभयो ।

साथै प्रमुख सल्लाहकार डा श्याम कार्कीले कारणवश आफू बैठकमा उपस्थित हुन नसक्ने जनाउनुभएको भनी बैठकमा सचिवले जानकारी गराउनुभयो ।

३. अध्यक्ष गीता खत्रीले सचिव लामिछानेलाई फरबरी ११ मा भएको बैठकको निर्णय लेखनलाई आजको बैठकमा समीक्षा र सुधारका लागि प्रस्तुत गर्न समय दिनुभएपछि सचिवले निर्णय लेखन प्रस्तुत गर्नुभयो । बैठकमा सहभागीहरूबाट सुधारका लागि कुनै सुझाव नआएपछि अध्यक्षले ऊक्त निर्णय लेखनलाई पारित गर्न बैठकमा प्रस्ताव गर्नुभयो । सो प्रस्तावलाई उपाध्यक्ष पदम विश्वकर्मालेसमर्थन गर्नुभयो र बाँकी सबै सदस्यहरूको स्वीकृतिपछि सर्वसम्मतिले पारित भयो ।

४. विशेष प्रतिवेदनका लागि अध्यक्ष गीता खत्रीले उपाध्यक्षद्वय पुरु सुवेदी र पदम विश्वकर्मा, सचिव शिव लामिछाने, कोषाध्यक्ष राम लामा, पुरस्कार समिति अध्यक्ष प्रा. डा. गोपी उप्रेती र सदस्य तीर्थ अधिकारीलाई समय दिनुभयो ।

**उपाध्यक्ष पुरु सुवेदीले** अनेसासको नयाँ नियमहरू र पुरस्कार समितिका निर्णयहरु गरिँदा अनेसासको इतिहासमा भएका विगतका निर्णय र व्यावहारिकतालाई हेरिनुपर्ने बताउनुभयो । वहाँले आफूले अध्ययनका लागि विभिन्न दस्तावेजहरु साथीहरुलाई इमेलमा पठाएको जानकारी गराउनुभयो ।

**उपाध्यक्ष पदम विश्वकर्मा**ले अनेसास केन्द्रीय कार्यसमितिले यस वर्ष गर्ने वार्षिक कार्यहरुको योजनाको खाका बिओटीको कार्यसमितिमा पठाउनुपर्ने बताउनुभयो ।

**सचिव शिव लामिछाने**ले पुस्तक सङ्कलनका लागि तिब्रता दिन पुरस्कार समितिको बैठक भइरहेको र पुस्तक संकलनको समयसीमा फरबरी २८ लाई केही हप्ता बढाउन अनुरोध आएकोले यसलाई आजको बैठकले सम्बोधन गर्नुपर्ने आवश्यकता भएको बताउनुभयो ।

**कोषाध्यक्ष राम लामा**ले कोषाध्यक्ष राम लामाले उपाध्यक्षद्वयको विचार र सचिवको प्रस्तावमा आफू सहमत भएको बताउनुभयो । वहाँले आफू अमेरिका फर्किसकेकोले अब छिटै कोषाध्यक्षको जिम्मेवारीका लागि पूर्व कोषाध्यक्षसित सम्पर्क गरी अभिलेखहरु एकत्रित गर्ने बताउनुभयो ।

**पुरस्कार समिति अध्यक्ष प्रा. डा. गोपी उप्रेती**ले बिओटीको पुरस्कार कोषमा पुरस्कारदाताहरुबाट विगतमा प्राप्त भएका रकमहरुको अवस्था केकस्तो छ त्यसबारे कोषाध्यक्षले प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नुभयो । हाल भइरहेका पुरस्कारहरुलाई निरन्तरता दिन पुरस्कार दाताहरुलाई पत्र पठाइसकिएको जानकारी गराउँदै वहाँले यदि विद्यमान पुरस्कार दाताले अघिल्लो हप्ता बसेको बैठकमा भएको निर्णय अनुसार पुरस्कारको रकम उपलब्ध गराउन असमर्थता जनाउनुभएमा नयाँ दाताहरु खोज्नुपर्ने र त्यसका लागि हालको आर्थिक अवस्थाको जानकरी पुरस्कार समितिलाई आवश्यक भइसकेको जानकारी गराउनुभयो ।

**सदस्य तीर्थ अधिकारी**ले पुरस्कार समितिको नियमित बैठक भइरहेकोमा खुसी व्यक्त गर्दै पुस्तक संकलनलाई अझ व्यापक बनाउन समय थप गर्ने सचिवको प्रस्तावमा आफ्नो पूर्ण सहमति रहेको बताउनुभयो । वहाँले सल्लाहकार समितिको गठनलाई पूर्ण बनाउन प्रस्ताव गर्नुभयो ।

**आमन्त्रित प्रतिनिधि तथा अनेसासका केन्द्रीय अध्यक्ष राधेश्याम लेकाली**ले नेपाल च्याप्टमा पुस्तकहरुको सङ्कलन उत्साहप्रद रुपमा भइरहेको जानकारी गराउनुभयो वहाँले समय सीमा बढाउन आज भएको प्रस्तावलाई आफ्नो समर्थन रहेको बताउनुभयो । वहाँले अनेसासको पुरस्कारलाई अझ गरिमामय र आकर्षक बनाउन यसको रकम बढाएर २००० डलर बनाउन प्रस्ताव गर्नुभयो ।

५. क. अध्यक्ष गीता खत्रीले आजका विषयहरुमध्ये अघिल्लो हप्ता अनुमोदन हुनुपर्ने पुरस्कार ससमितिका विभिन्न मितिमा बसेका बैठकहरुको निर्णयलाई उक्त बैठकमा छलफलका विविध विषयहरु उठेकाले अनुमोदन हुन नसकेकाले आजको बैठकले अनुमोदन गरेको जानकारी गराउनुभयो । यसका लागि वहाँले पुरस्कार समितिको नियमित बैठक र समितिमा विविध विषयमा व्यापक छलफल भएकामा सबैलाई धन्यवाद दिनुभयो ।

ख. अध्यक्ष गीता खत्रीले प्रमुख सल्लाहकारमा विओटीका पूर्व अध्यक्ष डा. श्याम कार्कीलाई प्रमुख सल्लाहकारमा नियुक्त गर्ने बिओटी कार्यसमितिको जनवरी ५, २०१९ मा भएको पहिलो बैठकबाट सर्वसम्मतिले निर्णय भइसकेको अवगत गराउँदै सल्लाहकारहरुको मर्यादा, गरिमा र वहाँहरूको अनुभवलाई बिओटीका लागि मूल्यवान बनाउन बढीमा पाँचजनाको सल्लाहकार समिति रहने गरी बाँकी चारजनाको नाम प्रस्ताव गर्न बैठकलाई समय दिनुभयो ।

सल्लाहकारका लागि सम्भावित र उपयुक्त व्यक्तित्वहरुका विगतको अनेसाससितको सम्बन्ध र योगदानलाई समेत छलफल गरी तपसिलका व्यक्तित्वहरु सल्लाहकार समितिमा चयन गर्न प्रस्ताव हुँदा बैठकका सबै पदाधिकारीहरुको सर्वसम्मतिले वहाँहरुलाई आगामी चार वर्षका लागि बिओटी कार्यसमितिका सल्लाहकारका रुपमा जिम्मेवारी दिने निर्णय भयो:

सल्लाहकारहरू: **रोहिणी शर्मा- एरिजोना, अमेरिका**

**प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल-, काठमाडौँ, नेपाल**

**डा. दुर्गा दाहाल- क्यालिफोर्निया, अमेरिका**

**सीता पाण्डे- मेरिल्यान्ड, अमेरिका**

ग. अर्को प्रस्तावका रुपमा आएको अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि पुस्तक दर्ता गर्ने अन्तिम मिति फरवरी २८ लाई केही हप्ता बढाउने बारेको प्रस्तावमा छलफल हुँदा पुस्तकहरु संकलन गरेपछि तिनको समयमा मूल्याङ्कन भई भानुजयन्तीमा नजिजा घोषणा गर्ने पूर्वनिर्धारित समयसीमालाई असर नपर्ने गरी आगामी मार्च १५ सम्म दर्ता समय बढाउन पुरस्कार समितिका अध्यक्ष प्रा.डा. गोपी उप्रेतीले प्रस्ताव गर्नुभयो । यसमाथि छलफल हुँदा सोही सीमा उपयुक्त भएको राय सहभागीबाट आएपछि अध्यक्ष गीता खत्रीले यसको पारितका लागि प्रस्ताव गर्नुभयो । सचिव शिव लामिछानेले यसको समर्थन गर्नुभयो ।

घ. अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारको राशी हाल १५०० अमेरिकी डलर रहेकामा यो राशीलाई वृद्धि गर्दा नेपालबाहिरबाट नेपाली साहित्यका कृतिका लागि दिइने सबैभन्दा उच्च राशीको पुरस्कारका रुपमा यसले गरिमा पाउने र यसले अनेसासको छविमा पनि गौरव हुने हुँदा यसलाई बढाएर २००० अमेरिकी डलर पुऱ्याउनेबारे अघिल्ला बैठकहरुमा पनि चर्चा भएकाले आजको बैठकमा छलफलका लागि अध्यक्ष गीता खत्रीले प्रस्तुत गर्नुभयो । यसमाथि छलफल हुँदा कोषको विद्यमान अवस्थाबारे विस्तृत जानकारी नआइसकेको कुरा कोषाध्यक्ष राम लामाले बताउनुभयो । पुरस्कार समितिका अध्यक्ष प्रा. डा. गोपी उप्रेतीले कोषको अवस्था पुरस्कारको रकम वृद्धिका लागि उपयुक्त नभएकै कारण यो गरिमामय कार्यलाई यसै राख्न मिल्दैन भन्दै यस वर्षदेखि गन्ती गरी हरेक पटकको ५०० डलरका दरले चारपटकका लागि आवश्यक पर्ने रकम आफूले जम्मा गरिदिने र यो पुरस्कारलाई आजकै बैठकले २००० अमेरिकी डलरको पुरस्कार बनेको घोषणा गर्न अनुरोध गर्नुभयो ।

पुरस्कार समितिका अध्यक्ष डा. उप्रेतीको प्रस्तावलाई बैठकका सहभागीहरुले सर्वसम्मतिले स्वागत गर्दै समर्थन जनाएपछि अध्यक्ष गीता खत्रीले यसलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो । उपाध्यक्ष पुरु सुवेदीले यसलाई समर्थन गर्नुभयो र अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारको रकम यसै वर्षदेखि लागू हुने गरी अमेरिकी डलर २००० भएको बैठकले सर्वसम्मतिले निर्णय गऱ्यो ।

६. अध्यक्ष गीता खत्रीले आजको बैठकमा छलफल हुन नसकेको अनेसास केन्द्रीय सचिवालयका लागि भवन/जमीन खरिद गर्ने समिति गठनबारे आजको बैठमा समयअभावका कारण छलफल हुन सकेन र आगामी बैठकमा छलफल गरिने जानकारी गराउनुभयो ।

७. अध्यक्ष गीता खत्रीले कार्यसमितिको आगामी बैठक मार्च सोमबार बेलुका ८:३० मा हुने जानकारी गराउनुभयो ।

८. अध्यक्ष गीता खत्रीले बेलुका ९:४५ मा बैठक समापन गर्नुभयो ।